**भारतीय राजदूतावास**

**काठमाडौं**

**<u>प्रेस विज्ञप्ति</u>**

## सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीद्वारा भारतका महामहिम राजदूत विनय मोहन क्वात्राको समुपस्थितिमा 'मैले बुझेको गान्धी' नामक पुस्तकको लोकार्पण

भारतका राष्ट्रपिता महात्मा गान्धीको १५१ औं जन्मजयन्ती तथा दुई वर्षे लामो 'महात्माको १५० वर्ष' स्मरणोत्सवको समापनको अवसरमा 'मैले बुझेको गान्धी' नामक सचित्र पुस्तकको आज लोकार्पण गरियो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालका लागि भारतका महामहिम राजदूत विनय मोहन क्वात्राको समुपस्थितिमा राष्ट्रपति भवन, शीतलनिवासमा उक्त पुस्तकको आज दिउँसो लोकार्पण गर्नुभयो ।

हाम्रा नेपाली मित्रहरुसँग गान्धी शिक्षाका मूल्य मान्यताको सम्झनामा भारतीय राजदूतावासले बिपी कोइराला भारत-नेपाल फाउण्डेसनको सहकार्यमा उक्त पुस्तकको प्रकाशन गरेको हो । यस पुस्तकले विश्वपुरुष गान्धीका बारेमा पहिलो पटक विशिष्ट नेपाली दृष्टिकोणलाई एकै ठाउँमा ल्याएको छ । गान्धीका योगदानका बारेमा विविध क्षेत्रका नेपालका २५ प्रतिष्ठित व्यक्तित्वहरुको विचारलाई यस पुस्तकमा समावेश गरिएको छ ।

यस प्रकाशनले नेपालका युवाहरुलाई महात्मा गान्धीलाई अझ नजिकबाट बुझ्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ जसका जीवन तथा आदर्श सदा अमर र आज पनि उत्तिकै सान्दर्भिक छ ।

**काठमाडौं, नेपाल**

**२०७७ कार्तिक २४**